आज मिति २०८२ चैत्र २७ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा देयाहबमोजिमको उपस्थितिमा १.३८ औं नगर कार्यपालिका बैठक बसि निम्नानुसार निर्णय गरियो।

**उपस्थिती**

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति**

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

# मिति २०८२।१२।२७ गतेको १३८ औ कार्यपालिका बैठकका कार्यसूचिहरु

१. भीरकोट नगरपालिकाको स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणली LGPAS मा प्राप्त भएको अङ्क समिक्षा सम्बन्धमा ।

२. भीरकोट नगरपालिकाको कार्यसञ्चालन निर्देशिका,२०७८ संशोधन सम्बन्धमा ।

३. पोषणमैत्री स्थानीय शासन प्रवद्धन कार्यक्रम अन्तर्गत नगरपालिका र वडा स्तरिय खाद्य सूरक्षा समितिको अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्बन्धमा ।

४. नगरपालिकाको प्रशासकीय भवनको उद्घाटन सम्बन्धमा ।

५. विद्यालयहरुको कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम प्रस्तावना छनौट सम्बन्धमा।

६. महिलासँग उपमेयर कार्यक्रम बजेट शिर्षकबाट बजेट विनियोजन सम्बन्धमा ।

# मिति २०८२।१२।२७ गतेको १३८ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरपालिकाको आ.ब.२०८१/८२ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणालीका सन्दर्भमा कार्यविधिले तोकेबमोजिमको समयावधिमा प्रणालीमा प्रविष्टि गरी जिल्ला समन्वय समितिबाट समेत प्राप्त पृष्ठपोषणका सम्बन्धमा छलफल तथा मूल्यांकन गरियो ।प्रणालीबाट प्राप्त देहायको विषयगत अंकसहित QA (Quality assurance) समीक्षाका लागि सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

तपिसल

| क्र.स. | विषयक्षेत्र | कुल अंक | प्राप्त मूल्यांकित अंक |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | ४० | ३७.५ |
| २ | सामाजिक विकास | २० | १४.९ |
| ३ | आर्थिक विकास | २० | १३.७ |
| ४ | पूर्वाधार विकास | १० | ८.३ |
| ५ | वन, वातावरण तथा विपद | १० | ७.७ |
| कूल मूल्यांकित अंक | | | ८२.२ |

निर्णय नं २

भीरकोट नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७८ संशोधन गरी देहायबमोजिको दफा थप गर्ने।

दफा १६- अध्ययन, अवलोकन भ्रमण तथा आवासीय तालिम खर्च सम्बन्धी व्यवस्था

| | |
|---|---|
| दफा १६ | कुनैपनि अध्ययन, अवलोकन भ्रमण तथा आवासिय तालिम कार्यक्रमका लागि खर्च व्यवस्था देहाय अनुसार हुनेछः<br>अ) भ्रमण साधन बस तथा मिनी बस र जिप वा अन्य रिजर्भ भाडा प्रचलित बजार दर अनुसार हुनेछ,<br>आ) खाना प्रति व्यक्ति प्रति छाक- भौगोलिक विकटता हेरी रु ३०० देखि रु ७५० सम्म हुनेछ,<br>इ) खाजा प्रति व्यक्ति- भौगोलिक विकटता हेरी रु ३०० सम्म हुनेछ<br>ई) आवास प्रति व्यक्ति दैनिक रु ५०० देखि रु १५०० सम्म हुनेछ,<br>उ) संयोजक भत्ता प्रतिदिन रु. १०००<br>ऊ) सहयोगी भत्ता प्रतिदिन रु ५०० एउटा कार्यक्रममा बढीमा २ जनासम्म सहयोगी राख्न सकिनेछ,<br>ए) मसलन्द, स्टेशनरी खर्च प्रति व्यक्ति रु १०० |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कुमाल
नगर प्रमुख

| | |
|---|---|
| | ए) विविध- व्यानर, तस्बिर, टेलिफोन, फोटोकपि, औषधि इत्यादिका प्रति कार्यक्रम रु २५००<br>दृष्टव्यः आवासिय तालिममा यसमा उल्लेख भएदेखि बाहेक खर्च अन्य तालिममा उल्लेखित खर्च शीर्षक बमोजिम हुनेछ । सहभागीलाई दैनिक भत्ता रु ८०० दिइनेछ। कुनैपनि आवासिय तालिम एकपटकमा सात कार्यदिन भन्दा बढिको हुनेछैन। |

निर्णय नं ३

भीरकोट नगरपालिका लागि सङ्घिय सशर्त अनुदान बाट प्राप्त भएको पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम अन्तर्गत नगरपालिका र वडा स्तरिय खाद्य सूरक्षा समितिको अभिमुखिकरण तथा अन्तर्क्रिया कार्यक्रम गर्ने ।

निर्णय नं ४

भीरकोट नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको उद्घाटन कार्यक्रम गण्डकी प्रदेश माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यूबाट मिति २०८३।०१।१८ गते शुक्रबार गर्ने ।

निर्णय नं ५

नेपाल सरकार शशर्त अनुदानतर्फ शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को मापदण्डअनुसार नगरपालिकाको सूचना बमोजिम पेश हुन आएका प्रस्तावमध्ये देहायका विद्यालयहरुलाई छनौट गर्ने ।

| क्र.स. | विद्यालयको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | श्री दहथुम मा.वि.,भीरकोट-०२ | १० लाख | |
| २ | श्री जनप्रिय माध्यमिक विद्यालय, भीरकोट-०५ | १० लाख | |

निर्णय नं ६

भीरकोट नगरपालिकाको चालू आ.व. २०८२/८३ मा नगरसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही तपसिलको योजनामा महिलासँग उपमेयर कार्यक्रम शिर्षकबाट बजेट रकम विनियोजन गरी नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडी बढाउने।

तपसिल

| क्र.स | योजना/कार्यक्रम तथा कार्यान्वयन गर्ने संस्थाको नाम | वडा नं. | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | मादल बजाउने सिप सिकाउने तालिम | ०२ | ६५,०००। | |
| २ | महिलाहरुको लागि पञ्चेबाजा तालिम | ०५ | १,५०,०००। | |
| ३ | तिसेदि कोलडाडा सामुदायिक भवन | ०७ | १,००,०००। | |
| ४ | भजन कृतन सामग्री खरिद | ०७ | १,००,०००। | |
| ५ | बाखाका पाठापाठि वितरण | ०९ | १,००,०००। | |

लक्ष्मण [illegible]ल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख